# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, चैत २४ गते, २०८२ साल (अतिरिक्ताङ्क १९(क)

## भाग ३

बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपालको

## सूचना

<u>बागमती प्रदेश विश्वविद्यालयको (पहिलो संशोधन) विधान, २०८२</u>

बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा १२ बमोजिम प्रदेश सरकारले स्वीकृत गरेको यो विधान जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधानको नाम "बागमती प्रदेश विश्वविद्यालयको (पहिलो संशोधन) विधान, २०८२" रहेको छ।

(२) यो विधान तुरून्त प्रारम्भ हुनेछ।

२. **बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ को दफा १ को उपदफा (१) मा संशोधनः** बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ (यसपछि मूल विधान भनिएको) को दफा १ को उपदफा (१) मा रहेको "प्रदेश" र "Province" भन्ने शब्दहरु झिकिएका छन्।

३. **रुपान्तरणः** मूल विधानको लामो नाम सहित ठाउँ ठाउँमा रहेका "बागमती प्रदेश विश्वविद्यालय" भन्ने शब्दहरुको सट्टा "बागमती विश्वविद्यालय" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ।

आज्ञाले,
खुबिराम अधिकारी
प्रदेश सचिव



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-